आज मिति २०८०/०२/२५ गते बिहिबार बेलबारी नगरपालिकामा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को (ठ) ४ मा भएको व्यवस्था अनुसार स्थानीय तह बिचको साझा सरोकार तथा साझेदारीका विषयमा अन्तर स्थानीय तह संयुक्त समन्वय समितिको बैठक बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राई ज्यूको संयोजकत्वमा तपशिल बमोजिमको उपस्थितिमा बैठक बस्यो ।

तपशिल

| क्र. सं. | नाम | पद | पालिका | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | नगर प्रमुख | बेलबारी नगरपालिका | |
| २ | श्री राजमती ईङ्गनाम | अध्यक्ष | कानेपोखरी गाँउपालिका | |
| ३ | श्री नितु थापा | उप प्रमुख | बेलवारी नगरपालिका | |
| ४ | श्री भोला प्रसाद अधिकारी | उपाध्यक्ष | कानेपोखरी गाँउपिलका | |
| ५ | श्री गणेशराज कार्की | प्रमुख प्र.अधिकृत | बेलबारी नगरपालिका | |
| ६ | श्री विष्णुकुमार थेगुवा | प्रमुख प्र.अधिकृत | कानेपोखरी गाँउपालिका | |
| ७ | श्री महेन्द्र खड्का | अधिकृतस्तर आठौं | बेलबारी नगरपालिका | |
| ८ | श्री अजित भट्टराई | लेखा अधिकृत | कानेपोखरी गाँउपालिका | |
| ९ | श्री धनमाया राई | लेखा अधिकृत | बेलबारी नगरपालिका | |
| १० | श्री कृष्ण न्यौपाने | कम्प्युटर अपरेटर | बेलबारी नगरपालिका | |
| ११. | दिनेश खड्का | ॥ | ॥ | |
| १२. | राम विलास मल्लिक | का.स. | बेलबारी न.पा. | |
| | | | | |

प्रस्तावहरु

१. बैंक जमानत जफत सम्बन्धमा ।

२. चिसाङ्ग खोला ठेक्का बन्दोवस्तको राजश्व बाँडफाँड सम्बन्धमा ।

निर्णय नं.१- प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक वर्ष २०७९/८० का लागि चिसाङ खोलाबाट सामान्य निर्माणमुखी नदिजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री गर्नका लागी मिति २०७८/०५/१५ गते राजधानी दैनिकमा सूचना प्रकाशन गरीएको। उक्त बोलपत्र मूल्याङ्कन गर्दा श्री बेल्ली रियल स्टेट प्रा.लि सुन्दरहरैचा सारभूत रुपमा प्रभावग्राही भई रकम रु (मु.अ कर सहित) ३,२५,००,०००.४ (अक्षेरुपी रु तीन करोड पच्चीस लाख चार पैसा मात्र) मा मिति २०७९/०७/३० मा सम्झौता भई सम्झौताको बुदा नं. ६ बमोजिम प्रथम किस्ता रकम रु १,३४,३१,४२४.३६।- (अक्षेरुपी रु एक करोड चौतीस लाख एकतीस हजार चारसय चौबिस रुपैया छत्तीस पैसा मात्र ) जम्मा गरि बाँकी रकम १,९५,००,०००।- (अक्षेरुपी रु एक करोड पन्चानब्बे लाख मात्र) नबिल बैंक लि. को बैक ग्यारेन्टी नं. २२GT८७NPR००३९ पेस गरी सम्झौता गरेको।श्री बेल्ली रियल स्टेट प्रा.लि ले दोश्रो किस्ताको रकम मिति २०७९ फागुन मसान्त र तेश्रो किस्ता २०७९ चैत्र मसान्त सम्म बुझाउनु पर्ने सम्झौताको बुदा नं. ६ मा स्पष्ट भएको ।सोही बमोजिम निज फर्मले हालसम्म उक्त रकम नबुझाई नदिजन्य पदार्थ समेत उत्खनन गरिरहेको हुँदा सम्झौताको बुँदा नं. ३१ र सूचनाको बुँदा नं. ७ बमोजिम बैंक ग्यारेन्टी जफत गर्ने व्यवस्था भए बमोजिम श्री बेल्ली रियल स्टेट प्रा.लिको बैंक जमानत जफत गर्ने निर्णय गरियो ।

निर्णय नं.२- प्रस्ताव नं. २ माथी छलफल गर्दा बेलबारी नगरपालिका र कानेपोखरी गाउँपालिकाको सिमानामा रहेको चिसाङ्ग खोलाबाट खोलाजन्य पदार्थको विक्रिबाट संकलन भएको राजश्व देहाय बमोजिम बाँडफाड गर्ने निर्णय गरियो ।

देहाय

चिसाङ् खोलाको खोला जन्य पदार्यबाट संकलन राजश्व बाँडफाँड

| सि.न. | विवरण | रकम रु | बैक जम्मा रकम ४० प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कुल ठेक्का रकम (अग्रिम आयकर सहित) | ३२९३१४३६।६ | १३४३१४२४ | बैक ग्यारेन्टी |
| | मु अ कर | ३७३८९४०।४ | १४९५५७६ | १९५००००० |
| | अग्रिम आयकर | ४३१४१६।२ | ४३१४१६ | |
| २ | कुल ठेक्का रकम जम्मा मु अकर बाहेक | २८७६१०८० | ११५०४४३२ | १९५००००० |
| ३ | बाँडफाड योग्य रकम | ११५०४४३२ | | |
| ४ | प्रसाशनिक तथा व्यवस्थापन खर्च ३ प्रतिशत | ३४५१३२ | आई.ई.ई, सूचना प्रकाशन तथा अन्य प्रशासनिक खर्च | |
| ५ | जम्मा बाडफाडहुने रकम | १११५९३०० | | |
| ६ | प्रदेश तर्फ ४० प्रतिशत | ४४६३७२० | | |
| ७ | स्थानीय तर्फप्राप्त ६० प्रतिशत | ६६९५५८० | | |
| ८ | पालिकाविच हुने खुद बाँडफाँड रकम | ६६९५५८० | | |
| ९ | बेलबारी नगरपालिका | ३३४७७९० | | |
| १० | कानेपोखरी गाँउपालिका | ३३४७७९० | | |